# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असोज २६ गते २०४५ साल (अतिरिक्ताङ्क ३७


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् । 825

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संवैधानिक अङ्गका पदाधिकारीहरूसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: संवैधानिक अङ्गका पदाधिकारीहरूसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "संवैधानिक अङ्गका पदाधिकारीहरूसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ मा संशोधन: सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ६ को:–

(क) उपदफा (१) को खण्ड (क) मा रहेका "आधा रकम" भन्ने शब्दहरूको सट्टा "छैसठ्ठी प्रतिशत रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को खण्ड (क) मा रहेका "आधा रकम" भन्ने शब्दहरूको सट्टा "छैसठ्ठी प्रतिशत रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन्:–

"(७) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कर्तव्य पालन नगरेको कारणबाट हटाइएको प्रधान न्यायाधीश वा न्यायाधीशले यस ऐनबमोजिम निवृत्तभरण वा उपदान पाउनेछैन ।

तर यस उपदफामा लेखिएको कुनै कुराले यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेको प्रधान न्यायाधीश वा न्यायाधीशको सुविधामा प्रतिकूल असर पारेको मानिनेछैन ।

(८) प्रधान न्यायाधीश वा न्यायाधीशको पारिश्रमिक वृद्धि हुँदा पारिश्रमिकको अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ, निवृत्तभरण पाइरहेका प्रधान न्यायाधीश वा न्यायाधीशको वनि निजले खाइपाई आएको निवृत्तभरणको अङ्कमा सोको छैसठ्ठी प्रतिशतका दरले वृद्धि गरिनेछ ।



४३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी निवृत्तभरणको अङ्कमा वृद्धि गर्दा प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने पारिश्रमिकको आधा रकमभन्दा कम हुने भएमा आधा रकम हुने गरी निवृत्तभरणमा वृद्धि गरिनेछ ।"

(२) दफा १०ख. पछि देहायको दफा १०ग. थपिएको छः–

"१०ग. अतिरिक्त न्यायाधीशको पारिश्रमिक र सुविधाः (१) श्री ५ बाट अन्यथा तोकिबक्सेमा बाहेक सर्वोच्च अदालतका अतिरिक्त न्यायाधीशको पारिश्रमिक र सुविधा स्थायी न्यायाधीशको सरह हुनेछ ।

तर अतिरिक्त न्यायाधीशले पाउने मासिक निवृत्तभरणको रकम आफ्नो मासिक पारिश्रमिकको आधा हुनेछ ।

(२) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका अतिरिक्त न्यायाधीशले पाउने निवृत्तभरणको रकम यो दफा प्रारम्भ हुनुभन्दा अघि स्थायी न्यायाधीशले पाए सरह हुनेछ ।"

३. महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ मा संशोधनः महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ को दफा ४ को,–

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "आधा रकम" भन्ने" शब्दहरूको सट्टा "छैसठ्ठी प्रतिशत रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को खण्ड (क) मा रहेका "आधा रकम" भन्ने शब्दहरूको सट्टा "छैसठ्ठी प्रतिशत रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्ः–

"(६) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कर्तव्य पालन नगरेको कारणबाट हटाइएको महालेखा परीक्षकले यस ऐनबमोजिम निवृत्तभरण वा उपदान पाउनेछैन ।

तर यस उपदफामा लेखिएको कुनै कुराले यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेका महालेखा परीक्षकको सुविधामा प्रतिकूल असर पारेको मानिनेछैन ।

(७) महालेखा परीक्षकको पारिश्रमिक वृद्धि हुँदा पारिश्रमिकको अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ निवृत्तभरण पाइरहेका महालेखा परीक्षकको पनि निजले खाइपाई आएको निवृत्तभरणको अङ्कमा सोको छैसठ्ठी प्रतिशतका दरले वृद्धि गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी निवृत्तभरणको अङ्कमा वृद्धि गर्दा महालेखा परीक्षकले पाउने पारिश्रमिकको आधा रकमभन्दा कम हुने भएमा आधा रकम हुने गरी निवृत्तभरणमा वृद्धि गरिनेछ ।"

४. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ मा संशोधनः लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ को दफा ६ को,–

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "आधा रकम" भन्ने शब्दहरूको सट्टा "छैसठ्ठी प्रतिशत रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को खण्ड (क) मा रहेका "आधा रकम" भन्ने शब्दहरूको सट्टा "छैसठ्ठी प्रतिशत रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्ः–

"(६) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कर्तव्य पालन नगरेको कारणबाट हटाइएको अध्यक्ष वा सदस्यले यस ऐनबमोजिम निवृत्तभरण वा उपदान पाउनेछैन ।

तर यस उपदफामा लेखिएको कुनै कुराले यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेका अध्यक्ष वा सदस्यको सुविधामा प्रतिकूल असर पारेको मानिनेछैन ।

(७) अध्यक्ष वा सदस्यको पारिश्रमिक वृद्धि हुँदा पारिश्रमिक अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ, निवृत्तभरण पाइरहेका अध्यक्ष वा सदस्यको पनि निजले खाइपाई आएको निवृत्तभरणको अङ्कमा सोको छैसठ्ठी प्रतिशतका दरले वृद्धि गरिनेछ ।

तर यसरी निवृत्तभरणको अङ्कमा वृद्धि गर्दा अध्यक्ष वा सदस्यले पाउने पारिश्रमिकको आधा रकमभन्दा कम हुने भएमा आधा रकम हुने गरी निवृत्तभरणमा वृद्धि गरिनेछ ।"

लालमोहर सदर मितिः– २०४५।६।२६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।